# नेपालगञ्ज राजपत्र

## नेपालगञ्ज उप-महानगरपालिकाद्धारा प्रकाशित

**खण्ड २) नेपालगञ्ज, श्रावण ८ गते, २०७५ साल (संख्या ७**

# भाग १

## नेपालगञ्ज उप–महानगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम नेपालगञ्ज उपमहानगरपालिकाको नगरसभाबाट पारित भई सभाको अध्यक्षबाट मिति २०७५/०३/२१ गते प्रमाणीकरण गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७५ सालको ऐन नं. ७

### नेपालगञ्ज उप–महानगरपालिकाको
### विनियोजना ऐन, २०७५

# नेपालगञ्ज उपमहानगरपालिकाको विनियोजन विधेयक, २०७५

**नगरसभाबाट स्वीकृत मितिः २०७५।०३।२१ गते**

**प्रस्तावना :**

नेपालगञ्ज उपमहानगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,_नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नेपालगञ्ज उपमहानगरपालिका सभाले यो विधेयक बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

(१) यस विधेयकको नाम "नेपालगञ्ज उपमहानगरपालिकाको विनियोजन विधेयक, २०७५" रहेको छ ।

(२) यो विधेयक २०७५ साल श्रावण १ गतेदेखि लागु हुनेछ ।

२.**आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः

(१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त नेपालगञ्ज उपमहानगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.२,४३,३८,३८,०३६।०० (अक्षरुपी रु.दुई अर्व त्रिचालीस करोड अड्तीस लाख अड्तीस हजार छत्तीस मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः**

(१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त नेपालगञ्ज उपमहानगरपालिकाको

नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको बढिमा २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । यसरी रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रही गर्नुपर्नेछ । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम (रु.मा)

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वितियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १. | नेपालगञ्ज नगरकार्यपालिका | १८०,७५०,०००.०० | १,६२०,१८७,०३६.०० | - | १,८००,९३७,०३६.०० |
| २. | वडा समिति | - | २२७१२६००० | - | २२७,१२६,०००.०० |
| ३. | बिषयगत शाखा | ३६३२७५००० | २४५००००० | - | ३८७,७७५,०००.०० |
| ४. | ऋणको सावा व्याज भुक्तानी | | | १८०००००० | १८,०००,०००.०० |
| ५. | लगानी (शेयर/ऋण) | - | - | - | ०.०० |
| | **जम्मा** | ५४४,०२५,०००.०० | १,८७१,८१३,०३६.०० | १८,०००,०००.०० | २,४३३,८३८,०३६.०० |

**आज्ञाले,**

**तोयनारायण सुवेदी**

**प्रमुख प्रशासकिय अधिकृत**

**प्रमाणीकरण मिति : ईति संवत २०७५ साल असार २१ गते रोज ५ शुभम् ।**